# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

पत्र संख्या :२०७८।०७९
चलानी नं : १८६८

मिति :२०७८।०६।१२

आन्तरिक आय ठेक्का बन्दोबस्ती सम्बन्धि सिलबन्दी बोलपत्र आह्वानको सूचना
प्रथम पटक प्रकाशित मिति २०७८।०६।१३

१।यस नगरपालिकाबाट आ.व. २०७८।०७९ का लागि रत्ननगर बसपार्क सञ्चालनका सम्बन्धमा सिलबन्दी बोलपत्रद्धारा बढाबढमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले मिति २०७८।०६।१३ देखि मिति २०७८।०७।०२ गते सम्म कार्यालय समय भित्र बोलपत्र फारम दस्तुर रु. ३०००। अक्षररुपी तीन हजार रुपैया मात्र (पछि फिर्ता नहुने) राष्ट्रिय वाणिज्य बैङ्क टाँडी मा रहेको आन्तरिक राजश्व खाता नं १८३०१००३०१०१०००३ मा वा कार्यालयमा बुझाई चालु आ.व.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.व. २०७६।०७७ को कर चुक्ता प्रमाणपत्र समेतको प्रमाणित प्रतिलिपी संलग्न गरी रु. १० को टिकट टाँसी बोलपत्र फारम खरिद गर्न ईच्छुक फर्म समक्ष यो सूचना प्रकाशित गरिएको छ । बोलपत्र फारम रत्ननगर नगरकार्यपालिकाको कार्यालय, रत्ननगर चितवनमा निवेदन पेश गरि खरिद गर्न सकिनेछ ।

२।बोलपत्र पेश गर्दा यस कार्यालयको अधिकार प्राप्त अधिकारीको सही छाप नभएको, एउटाको नाममा खरिद गरी अर्कै नाममा दर्ता गरेको र कुनै पनि शर्त राखी पेश भएको बोलपत्र मान्य हुने छैन ।

३। मिति २०७८।०७।०३ गते दिनको १२:०० बजे भित्र आफैले खरिद गरेको बोलपत्र रीतपूर्वक भरी सिलबन्दी गरी यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । दर्ता भएका बोलपत्रहरु सोहि दिनको २:०० बजे खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्नेछैन ।बोलपत्र बिक्री गर्ने र दाखिला गर्ने अन्तिम दिन विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिने छ ।

४।बोलपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम दाखिला गरेको सक्कलै भौचर यस कार्यालयको टाँडी शाखामा रहेको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाता नं १८३०१००३०३००००००३ मा जम्मा गरेको सक्कलै भौचर वा क वर्गको बैंकबाट जारी भएको र बोलपत्र खुल्ने मितिबाट १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (**Bid Bond**) बोलपत्रसाथ पेश गर्नुपर्नेछ ।

५।बसपार्कमा पार्किङ हुने सबै सवारी साधन र निर्मित संरचनाको सुरक्षा र सरसफाइको प्रबन्ध स्वयम बोलपत्र दाताले नै गर्नु पर्नेछ। साथै बोलपत्र पुर्ण वा आशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

६। कर तथा सुल्क सम्बन्धि दररेट बोलपत्र पुस्तिकामा उल्लेख भएअनुसार हुनेछ ।

७।सार्वजनिक खरिद नियमावद्यी २०६४ को नियम ४० (२)(ङ) अनुसार बोलपत्रदाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्तावित खरिद कार्यमा आफ्नो स्वार्थ नबाझिएको र व्यवसाय सम्बन्धि कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात बोलपत्र साथ पेश गर्नु पर्नेछ

८।एक आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको पाईएमा त्यस्तो बोलपत्र स्वीकृत गरिने छैन ।

९।बोलपत्र फारममा रकम उल्लेख गर्दा अंक र अक्षर दवैमा स्पस्ट रुपमा उल्लेख गर्नुपर्ने छ ।अंक र अक्षरमा फरक परेमा अक्षरमा उल्लेख गरिएको रकमलाई मान्यता दिईनेछ ।

१०। बोलपत्रको प्रत्येक पानामा बोलपत्रदाताको आधिकारिक व्यक्तिको सही र छाप अनिवार्य रुपमा लागेको हुनुपर्नेछ ।साथै बोलपत्रदाताले पेश गर्ने सम्पूर्ण प्रमाणपत्रहरु नविकरण भएको हुनुपर्ने र अनिवार्य रुपमा प्रमाणित गराई पेश गर्नु पर्नेछ ।

११। यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।विस्तृत जानकारीका लागि रत्ननगर नगरपालिकाको कार्यलय रत्ननगर, चितवनमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

| सि. नं | आन्तरिक आय ठेक्का | सुचना नं | ठेक्काको विषय/ क्षेत्र | न्युनतम अक | जमानत | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | बसपार्क सञ्चालन तथा संरचना/सटर भाडा र पार्किङ शुल्क | (RAT/CHITWAN/REVENUE/01/2078-079) | रत्ननगर बसपार्क | १०,००,०००। | कवोल अंकको ५% | |
| २ | विज्ञापन कर | (RAT/CHITWAN/REVENUE/02/2078-079) | आकाशे पुल माथि होडिङ बोर्ड | ५,००,०००। | कवोल अंकको ५% | |

शिशिर पौडेल